हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०२ अंक : ०५ पृष्ठ : ४ २०७८ साउन २४ गते आइतबार (Sunday 08 August 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## कक्षा १२ को परीक्षा स्थगित

कोरोनाभाइरस संक्रमण जोखिमका कारण राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ का सबै परीक्षा स्थगित गरेको हो । यसअघि शुक्रबार नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शिक्षा मन्त्रालय र कोभिड २९ संकट व्यवस्थान समिति सीसीएमसीलाई परीक्षा स्थगितका लागि सिफारिस गरेको थियो । राष्ट्रिय परीक्षा बोर्डको शनिबार बसेको बैठकले परीक्षा स्थगित गर्ने निर्णय गरेको हो । विद्यार्थीहरूको जीवन रक्षालाई ध्यानमा राखेर परीक्षा स्थगित गरिएको बताइएको छ ।




बोर्डका अनुसार अर्को सूचना नआउँदासम्म साउन ३१ गतेदेखि सञ्चालन हुने कक्षा १२ का सबै परीक्षा स्थगित गरिएको हो । बोर्डका अध्यक्ष चन्द्रमणि पौडेलले अर्को परीक्षा कोभिड संक्रमण परिस्थितिलाई आंकलन गरेर तालिका प्रकाशन गरिने बताएका छन् ।

## उदयपुरको बेलकामा ६० लाख लागतमा 'सुँगुर'को प्रतिमा

उदयपुरको बेलका नगरपालिकाले ६० लाख रूपैयाँ



लागतमा सुँगुरको प्रतिमा बनाएको छ । नगरपालिका- ७ मैनामैनीमा पर्यटन प्रवर्द्धन गर्ने भन्दै नगरपालिकाले बराह (सुँगुर) को प्रतिमा बनाएको हो ।

मेयर दुर्गाकुमार थापाका अनुसार बराहको प्रतिमा बनाउनका लागि आर्थिक वर्ष २०७६/७७ मा बजेट विनियोजन गरिएको थियो ।

———बाँकी ३ पेजमा

## एसईई परीक्षाफल प्रकाशित: ४ लाख ८४ हजार २ सय ७८ उत्तीर्ण

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको प्रवेशिका परीक्षा (एसईई)को परीक्षाफल शनिबार दिउँसो प्रकाशित भएको छ।

जस अनुसार ५ लाख १७ हजार १ सय २२ जनाले परीक्षा फारम भरेकोमा ४ लाख ८४ हजार २ सय ७८ उत्तीर्ण भएको परीक्षा नियन्त्रक कार्यालयका उपनियन्त्रक चेतनाथ शर्माले बताएका छन् ।



कोरोनाभाइरसका कारण परीक्षा हुन नसकेपछि विद्यालयहरूले आन्तरिक मुल्यांकन गरी प्राप्तांक पठाएका थिए । सोही आधारमा परीक्षा नियन्त्रण कार्यालयले शनिबार परीक्षाफल प्रकाशन गरेको हो ।

परीक्षा बोर्डको आधिकारिक वेबसाइट, नेपाल टेलिकम र एनसेलको वेबसाइटमार्फत परीक्षाफल हेर्न सकिन्छ । यस्तै नेपाल टेलिकमको १६०० र एनसेलको १६०० नम्बरमा एसएमएस गरेर पनि नतिजा थाहा पाउन सकिन्छ ।

## कर्माचार्य प्रतिष्ठानद्वारा ३५ गर्भवतीलाई पौष्टिक आहार वितरण

**फिरोज शेख**

सिरहाको लहानमा म.स. जोडीको नामले प्रख्यात समाजसेवी महेश चौधरीले संगीता कर्माचार्यले गरीब, दलित र असहायका लागी गरेको योगदानलाई जिवन्त राख्नका किलो दाल, १ लिटर तेल, १ किलो चीनी, १ किलो नून, १ किलो मटर, एक किलो आलु र १ किलो चना हस्तान्तरण गरेका



समाजसेवी महेश चौधरी रसंगीता कर्माचार्य मध्ये समाजसेवी संगीता कर्माचार्यको निधनको दुई महिना पुगेको सम्झनामा संगीता कर्माचार्य स्मृति प्रतिष्ठान लहानले शुक्रबारगरिब तथा दलित समुदायका गर्भवती महिलाहरूलाई पौष्टिक आमार वितरण गरेका छन् । स्वर्गीय कर्माचार्यका श्रीमान तथा लागि प्रत्येक महिनाको २२ गते वितरण गर्ने राहत यसपालि लहान नगरपालिका वडा नं. २० का ३५ जना गर्भवती महिलाहरू पौष्टिक आहार वितरण गरेका हुन् । समाजसेवी चौधरी आफै पुगी लहान नगरपालिका वडा नं. - २० का ३५ जना महिलाहरूलाई पौष्टिक आहार स्वरूप १० किलो चामल १ छन् । त्यस्तै केही दिन पहिला अल्प आयुमै मृत्यु भएका लहान नगरपालिका - २२ का दलित अगुवा समतलाल सदायका परिवारलाई राहत स्वरूप १०० किलो चमाल, १५ किलो दाल, ५ लिटर तेल र ५ किलो नून समेत सहयोग गरिएको समाजसेवी चौधरीले जनाएका

———बाँकी ३ पेजमा






# बांगोटिंगो दाँतलाई कसरी मिलाउने ?

बांगोटिंगो दाँत मिलाउने विभिन्न तरिका



दाँतले ठाउँ पाएन भने तल माथिबाट आउनसक्छ। यस्तो अवस्थामा स्वभाविक रूपमा दाँत बाङ्गो हुन्छ। दाँत चाडो निकाल्न पनि हुँदैन र ढिलो निकाल्न पनि हुँदैन।

सुरूमा दुधे दाँत आउँछ। त्यो बेलामा केही खाली हुन्छ। पछि आउने दाँत अलिक ठूलो

**डा. सुम्निमा शर्मा**

हुन्छन्। दाँत मिलाउन विभिन्न तरिकाले तार बाँध्न सकिन्छ। दाँत बाँधेर दाँतलाई आकर्षक बनाउन सकिन्छ।

यस्तै दाँतको नाप लिएर प्लाष्टिकको ट्रे जस्तो बनाउन सकिन्छ। यसलाई ल्याबले कम्प्युटराइज सिस्टमबाट बनाइएको हुन्छ। बिरामी आफैंले समेत यसलाई निकाल्न सक्छन्।

दाँत मात्रै बांगोटिंगो छ भने तार लगाएर सिधा बनाउन सकिन्छ। तर हड्डीमै समस्या छ भने अलि कठिन हुन्छ। सानै उमेरमा आएमा अलि सजिलोसँग उपचार गर्न सकिन्छ। उमेर धेरै भएको अवस्थामा भने सर्जरीनै गर्नुपर्छ।

दुधे दाँत निकाल्ने समयमा दाँत निस्किएन भने दाँत बांगोटिंगो हुन्छ किनकि, तलबाट आउने दाँत आफ्नो समयमा आएरै छोड्छ।

दाँत किराले खायो भनेर समयभन्दा छिटो दाँत निकाल्दा पहिलेकै दाँत पनि आउँछ र फेरि नयाँ आउने दाँत आउँछ। पछि आउने हुन्छ। त्यस्तो अवस्थामा दाँतले ठाउँ पाउँछ। कतिपय अवस्थामा दुधे दाँतको बीचमा खाली ठाउँ नहुँदा पछि आउने दाँत अलि ठूलो हुन्छ,त्यस्तो बेलामा दाँत बांगोटिंगो आउन सक्छ।

बांगोटिंगो दातमा ब्रस गर्दा राम्रोसँग सफा हुँदैन। फोहोर जम्मा भएर बस्छ। त्यसले गर्दा गिजा, हड्डीमा समस्या हुन्छ। दाँत हल्लिन्छ जसले गर्दा पछि दुःख हुन्छ।

दाँत-दाँतको बीचमा ग्याप हुने समस्या पनि हुन्छ। त्यस्तै हाँस्दा गिजा देखिने समस्या समेत छ। हामी त्यसको समेत उपचार गर्छौ।

बाङगो-टिङ्गो दाँत मिलाउने प्रक्रिया लामो हुन्छ। यो झण्डै २ वर्षे प्रक्रिया हो। त्यसैले यो प्रविधि अलि महंगो जस्तो सुनिन्छ। तर दुई वर्षको समय गणना गर्ने हो भने धेरै महंगो पर्दैन।

यीनै विषयमा केन्द्रीत रहेर समाज डेन्टल अस्पतालमा कार्यरत दाँत रोग विशेषज्ञ डाक्टर सुम्निमा शर्मासँग हामीले भिडिओ कुराकानी गरेका छौ

*साभार : सेतोपाटी*

# अनलाइन पत्रिकाहरूमाथि नियन्त्रण गर्ने सरकारी नियत

अनलाइन मिडियालाई लाइसेन्स र नवीकरणको माध्यमबाट नियन्त्रण गर्ने उद्देश्य बोकेको सरकार सर्वोच्च अदालतले दिएको आदेशबाट अलमलमा परेको छ । ६ दिनमा दुई फरक फरक सूचना सार्वजनिक गरी सरकारले आफ्नो नियन्त्रणको नियतलाई अझै प्रष्ट पारेको छ ।

**असम्बन्धित ऐनको प्रयोग**

पछिल्लो समयमा अनलाइन मिडियाको प्रभावकारिता बढेसँगै यसलाई नियन्त्रण गर्न २०७३ को चैतमा सरकारले मिडियासँग असम्बन्धित सुशासन ऐन, २०६४ लाई टेकेर 'अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३' लागू गरेको थियो । निर्देशिकाको जन्म नै असम्बन्धित ऐनबाट भएको हो ।

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउने उद्देश्य प्रस्तावनामा रहेको सुशासन ऐनको 'सरकारी कार्यालयको कामकारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ' लेखिएको मिडियासँग कुनै साइनोसमेत नरहेको दफा ४५ प्रयोग गरी यो निर्देशिका तयार पारेको थियो ।जबकि वितरणको माध्यममात्र फरक रहेको अनलाइन मिडियालाई मिडियासँग सम्बन्धित ऐन छापाखाना र प्रकाशन सम्बन्धी ऐन वा राष्ट्रिय प्रसारण ऐन अन्तर्गत रही निर्देशिका बनाउन सकिन्थ्यो । अथवा आवश्यकता महसूस भए अनलाइन सञ्चारमाध्यमका लागि छुट्टै ऐन बनाउन पनि सकिन्थ्यो । सो निर्देशिकाले अनलाइन मिडिया चलाउनका लागि दर्ता र प्रत्येक वर्ष त्यसको नवीकरण अनिवार्य गरेको छ । दर्ता बिना अनलाइन मिडिया चलाउन नपाइने त्यसमा उल्लेख छ ।

**अन्तरिम आदेश**

गलत ऐनको माध्यमबाट निर्देशिका ल्याइएको विषयमा परेको रिट निवेदन सर्वोच्च अदालतमा

**उमेश श्रेष्ठ**



सुनुवाइका लागि पालो कुरेर बसिरहेको छ । तर, नवीकरण नगर्ने अनलाइन मिडियाको सेवा रोक लगाउन सकिने व्यहोरा भएको निर्देशिकाको दफा ६ (३) विरूद्ध परेको रिटलाई भने सर्वोच्चले उत्प्रेषणको आदेशबाट बदर गरिसकेको छ ।

न्यायाधीशद्वय दीपककुमार कार्की र सुष्मालता माथेमाको संयुक्त इजलासले २०७७ चैत ३१ गते गरेको यो आदेशपछि पनि सरकारले नवीकरणको काम रोक्ने इच्छा देखाएको छैन । एकपछि अर्को निर्णय गर्दै यसैको माध्यमबाट नियन्त्रणको प्रयास जारी राखेको देखिन्छ ।सूचना विभागले २०७८ साउन ४ गते जारी गरेको सूचनामा सर्वोच्चको आदेशबमोजिम 'अब उप्रान्त नवीकरण गर्न छुट भएका अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज नगरिने र नवीकरण नगरेकै आधारमा अनलाइन सञ्चारमाध्यम सञ्चालनमा रोकसमेत नलगाउने' उल्लेख छ । ४ साउन २०७८ मा सूचना तथा प्रशारण विभागले निकालेको सूचना ।

तर सोही सूचनामा यसअघि नियमित रूपमा नवीकरण हुँदै आएका अनलाइन सञ्चारमाध्यमको हकमा भने पूर्ववत नवीकरण जारी रहने भनिएको छ । त्यतिमात्र होइन, नवीकरण नगर्ने अनलाइन मिडियालाई प्रेस पास जारी नगर्ने चेतावनी पनि त्यसमा दिइएको थियो । तर, साउन १० गते जारी गरिएको अर्को सूचनामा भने सर्वोच्चको 'उक्त आदेशबमोजिम हालसम्म नवीकरण गर्न छुट भएका अनलाइन सञ्चारमाध्यमहरुले आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन, कर चुक्ताको प्रतिलिपि, कम्पनी अद्यावधिक भएको पत्र लगायत तोकिए बमोजिमका अन्य कागजपत्र पेश गरी अनलाइन सञ्चारमाध्यम नवीकरण गर्न सक्ने' भनिएको छ ।नवीकरण नगर्ने अनलाइन मिडियालाई के हुने भन्ने बारे त्यसमा प्रष्ट छैन, यसअघिको सूचनामा जस्तो प्रेस पास जारी नगर्ने चेतावनी त्यसमा नरहे पनि नवीकरण नभएकालाई सुविधाबाट वञ्चित गराई अप्ठेरो पार्ने नियत भने यसअघिकै सूचनाबाट प्रष्ट हुन्छ । १० साउन २०७८ मा सूचना तथा प्रसारण विभागले निकालेको सूचना ।

**नवीकरण किन ?**

नेपालमा पत्रपत्रिका प्रकाशन गर्न दर्ता गरी प्रमाणपत्र लिनु परे पनि त्यसलाई हरेक वर्ष नवीकरण गरिरहनु पर्दैन । एफएम रेडियो र टेलिभिजन प्रसारकहरूले भने वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम प्रसारण शुल्क बापत तिरेर इजाजत नवीकरण गर्नुपर्ने व्यवस्था समेत छ । सिद्धान्ततः रेडियो र टेलिभिजन फ्रिक्वेन्सीका आधारमा सञ्चालन हुने गर्छ । यस्तो फ्रिक्वेन्सी सीमित हुने हुँदा एक पटक लिएर त्यसलाई अनन्त कालसम्म ओगटेर बस्ने स्थिति नआउन इजाजत नवीकरणको व्यवस्था राखिएको हुन्छ । अनलाइन मिडियामा यस्तो फ्रिक्वेन्सीको सीमितता हुँदैन । त्यसैले अनलाइन मिडियालाई नवीकरणको प्रावधान राख्नु नै तर्कसंगत देखिन्न ।

**दर्ता गर्दैमा रोकिन्न विकृति**

अनलाइन मिडियालाई दर्ता गर्दैमा यसका विकृति अन्त्य हुने हैनन् । नेपालमा दर्ता नभएर पनि देशविदेशबाट मिडिया झैं देखिने अनलाइनहरु सञ्चालन हुने गर्छन् । यस्ता वेबसाइटले मिथ्या, सनसनीपूर्ण र उत्तेजक शीर्षकसहित समाज दिग्भ्रमित पारिरहेका छन् । सूचना विभागमा दर्ता भएकै अनलाइन मिडियाको पनि अनुगमन भएको देखिन्न । सञ्चालनमै नभएका अनलाइनहरु पनि अनलाइन मिडियाको रूपमा दर्ता भएका छन् भने अनलाइन मिडियाको नाममा दर्ता भएर नेपालको कानुनविपरीत अश्लील खालका सामग्री राख्ने अनलाइनहरु पनि भेटिएका छन् । त्यसैले दर्ता गरेर अनलाइन मिडियाका विकृतिलाई कम गर्ने सोच गलत हो ।स्वच्छ र मर्यादित रूपमा पत्रकारिता गर्न चाहनेका लागि ऐच्छिक रूपमा अनलाइन मिडिया सञ्चालन गरेको जानकारी दिने बनाउन सकिन्छ । नवीकरणको व्यवस्था हटाई छापा पत्रकारितामा जस्तै स्वामित्व र सम्पादक परिवर्तन लगायतका विषयमा जानकारी गराउने व्यवस्था गर्न सकिन्छ ।

*साभार शिलापत्र*


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY


# डाक्टर सुभाष चन्द्र यादवको समन्वयमा स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री

**सिरहा** । चन्द्र नारायण यादव मेमोरियल ट्रष्टका सभापति डा.सुभाषचन्द्र यादवको समन्वय र बोधिसत्वा बिहारको सहयोगमा सिरहा नगरपालिकाभित्रका स्वास्थ्य संस्थाहरूलाई ट्रष्टले एक कार्यक्रम गर्दै स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेको छ । 'गरिब दुखी अशक्तको आहारा मास्टर बुद्ध उनै हुन साहारा' सलोवनको मर्मलाई आत्मसात गर्दै सामाजिक रूपान्तरणका लागि क्रियाशिल रहेका बोधिसत्वा बिहारले ट्रष्टका सभापति सुभाषचन्द्रको समन्वयमा उक्त स्वास्थ्य सामग्री उपलब्ध गराएका हुन् । कोरोना भाइरस संक्रमणको तेश्रो लहर रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यका साथ स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य सामग्री प्रदान गरिएको बताइएको छ ।

'कोरोना भाइरस संक्रमण नियन्त्रणमा स्वास्थ्यकर्मीहरूलाई काम गर्न सहज हुने अभिप्रायका साथ अवस्थालाई अध्ययन गर्दै स्वास्थ्य सामग्रीका लागि समन्वय गरेको थिए,'ट्रष्टका सभापति डा.सुभाषचन्द्रले भने,'हाम्रो समन्वयलाई प्राथमिकतामा राखेर स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध




गराउने सहयोगी संस्था बोधिसत्वा बिहार तथा संस्थाका प्रमुख सल्लाहकार शान्त शर्मालाई धन्यवाद छ ।' 'सामाजिक कार्य गर्नलाई कसैलाई कसैले रोकावट गरेको छैन्,'उनले भने,'हाम्रो समन्वयमा स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य सामग्री उपलब्ध भए जस्तै अरूले पनि यस्ता प्रयास गर्नु पर्‍यो । अरूले पनि यसरी प्रयास गरेमा नागरिकको ज्यान रक्षा गर्न स्वास्थ्यकर्मीहरूलाई सहज हुने छन् ।'

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज महिला मित्रबाट विशेष सहयोग मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । बैदेशिक र न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** :- विद्या र बुद्धिको विकास हुनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । व्यापारमा रूची बढ्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**मिथुन**:- छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । शत्रु पराजित पनि हुनेछन् ।

**कर्कट** :- आज आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । महिला वा मित्रबाट विशेष सहयोगपनि मिल्नेछ ।

**सिंह**:- आज रमणीय र सुखद् यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । वैदेशिक कार्यहरूमा सफलता मिल्नेछ । धार्मिक कार्यमा रूचि बढ्नेछ ।

**कन्या** :- आज घरमा अतिथीको आगमन हुनेछ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला । घर,जग्गाको कारोबारमा सफलता पनि मिल्नेछ ।

**तुला** :- प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेकोछ । कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग पनि रहेको छ ।

**वृश्चिक** :-मनमा शंका उत्पन्न हुनेछ । पारिवारिक उल्झनमापरि काम विग्रिएला । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । स्वास्थ्यमा खर्च बढ्नेछ ।

**धनु** :- आज कार्यक्षेत्रमा प्रगती हुनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ ।

**मकर**:- आज आफन्तको प्रगतिमा मन रमाउनेछ । विचार, विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**कुम्भ**:- धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । समाजसेवामा मन लाग्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । लाभदायक यात्राको योग छ ।

**मिन** :- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ ।

## उदयपुरको ...

'अघिल्लो २ वर्षदेखि बनाउन शुरू गरिएको बराहको प्रतिमा निर्माणको काम लगभग सकिएको छ, दाह्रा, पुच्छर बनाउन र रंगरोगन गर्न बाँकी छ' मेयर थापाले भने । थापाका अनुसार बराह भनेको जंगली सुँगुर अर्थात बँदेल हो । बराहको प्रतिमा बनाएको क्षेत्र र प्रसिद्ध धार्मिक तीर्थस्थल बराहक्षेत्र तथा चतराधाम वारिपारि पर्छ । बीचबाट सप्तकोशी बगेको छ । नगरपालिकाको पहाडी क्षेत्र अर्थात अग्लो भागमा पर्ने यो क्षेत्रबाट हेर्दा सुनकोशी, अरूण र तमोरको संगम स्थल त्रिवेणी लगायतका क्षेत्र पनि देखिन्छ । त्यसैले यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न बराहको प्रतिमा बनाएको उनको भनाइ छ । बराहको प्रतिमा नजिकै झरना पनि रहेको छ । आन्तरिक पर्यटनको विकासका लागि पार्क बनाउने तयारीसमेत रहेको मेयर थापाले बताए । बराहको प्रतिमा बनाएको ठाउँ नजिक मैनामैनी मन्दिर समेत रहेको छ

## कर्माचार्य ...

छन् । मृतक समत लाल सदायका एक श्रीमती दुई छोरी र दुई छोरा छन् । समाजसेवी कर्माचार्यको कोरोना संक्रमणबाट उपचारको क्रममा २०७८ जेठ २२ गते निधन भएको थियो । गत बर्षको लकडाउन देखि नै सामाजिक कार्यमा समय बिताईरहेका चौधरीले आफ्नो सहयात्री संगिता कर्माचार्यको साथ छुटेपनि उनले समाजसेवा छोडेका छैनन् । विपन्न वर्गलाई खाद्यान्न वितरण गरि चौधरी र कर्माचार्य मस जोडी को नामले चिनिएका थिए ।


# Invitation for Sealed Quotation

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

## राष्ट्रिय पशु प्रजनन कार्यालय

लहान, सिरहा

## सेवा करार कार्यको लागि दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०४।२४ गते**

यस कार्यालयको आ.ब. २०७८।०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तरल नाइट्रोजन प्लाण्ट संचालनको लागि प्लाण्ट अपरेटर सेवा करारको लागि आधिकारिक रुपमा ईजाजत प्राप्त तथा आफ्नै तरल नाइट्रोजन वा अक्सिजन फ्याक्ट्री संचालन गरिरहेको ईच्छुक फर्म, कम्पनि वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१) मिति २०७८।०५।०६ गते सम्म कार्यालय समयभित्र कम्पनी वा फर्म नविकरण भएको इजाजत प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७६।०७७ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी कार्यालय समय भित्र मर्मत गरिने शर्तहरु सहितको दरभाउपत्र फारम रु. १०००।- दस्तुर तिरी (फिर्ता नहुने) यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२) उपरोक्त सेवा आपूर्ति गरेको कम्तिमा पनि २ (दुई) बर्षको अनुभवको प्रमाण पेश गर्नुपर्ने छ ।
३) तरल नाइट्रोजन वा अक्सिजन फ्याक्ट्री संचालन गरिहेको प्रमाण पेश गर्नु पर्ने छ ।
४) खरिद गरिएको दरभाउपत्र फारम मिति २०७८।०५।०७ गते दिनको दिउँसो १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।
५) दर्ता भएका दरभाउपत्रहरु मिति २०७८।०५।०७ गते दिनको २:०० बजे दरभाउपत्र दाता वा निजहरुको प्रतिनिधिको रोहवरमा राष्ट्रिय पशु प्रजनन् कार्यालय लहान, सिरहामा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्ने कार्य रोकिने छैन । दरभाउपत्र खरिद तथा दाखिला दिन सार्वजनिक विदा परेमा सो काम क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।
६) दरभाउपत्र साथ तपसिलमा उल्लेख भए बमोजिमको धरौटी रकम को. ले. नि. का. सिरहाको धरौटी खाता नं. २१३००१०२०३०००० मा नगद जम्मा गरेको भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ७५ दिन अबधि रहेको बिड बण्ड संलग्न हुनुपर्नेछ ।
७) उपलब्ध गराउने सेवा TOR (सन्दर्भ सर्तहरु) अनुसारको हुनु पर्नेछ ।
८) सिलबन्दी दरभाउपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ । दरभाउपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्नेछ । रीत नपुगी आएका, म्याद नाघी आएको र कुनै शर्त राखिएको दरभाउपत्र स्वीकार गरिने छैन ।
९) दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ । नेपाल सरकारको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।
१०) यस बाहेक अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| ठेक्का नं. | विवरण | इकाई | परिमाण | धरौटी रकम रु. | दरभाउपत्र खरिद रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| NLBO Lahan/NCB/G/SQ/ ०७८/०७९/०१ | तरल नाइट्रोजन प्लाण्ट संचालन अपरेटर सेवा करार १२ महिना | जना | ३ | ५०,०००।- | १,०००।- | शिलबन्दी दरभाउपत्र |

कार्यालय प्रमुख


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८<br>९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

## डाक्टर...

सहयोगी संस्थाले हाम्रो समन्वयलाई ध्यानमा राखेर सिरहासँगै सप्तरी, धनुषा, महोत्तरी लगायत अन्य जिल्लाका स्वास्थ्य संस्थाहरूलाई कोरोना भाईरस संक्रमण नियन्त्रणमा सहज तरिकाले काम गर्नका लागि स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराएको उनले बताए । आउने दिनमा दोश्रो चरणको स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण कार्य अन्तर्गत सिरहा जिल्लाका अरू स्वास्थ्य संस्थाहरूलाई यस्ता सामग्रीहरू प्रदान गर्ने उनको दाबी छ ।

जिल्ला अस्पताल सिरहा र ट्रष्टद्वारा संचालित चन्द्र नारायण यादव मेमोरियल मेटर्निटि अस्पताल माडर सिरहालाई पिपिई ५० सेट, सर्जिकल मास्क २ सय पिस, सर्जिकल ग्लोब्स १ हजार पिस, पल्स अक्सिमिटर ४ थान, थर्मल गन २ पिस, फेस सिल्ड एक सय पिस लगायतका अन्य स्वास्थ्य सुरक्षा सामग्री प्रदान गरिएका छन् ।

त्यस्तै, सिरहा नगरपालिकाभित्र पर्ने वडा नं. २२, २१, २०, १९, १३, १८, १५, १६, ५, १२ मा रहेका स्वास्थ्य चौकीहरूलाई पिपिई ५ सेट, केएन ९५ मास्क १५, सर्जिकल मास्क २ सय पिस, पल्स अक्सिमेटर १ पिस, थर्मल गन १ पिस, फेस सिल्ड १० पिस, ग्लोब्स १० सेट, ह्याण्ड वास २ लिटर लगायतका स्वास्थ्य सुरक्षा सामग्री प्रदान गरियो ।

साथै, सिरहा नगरपालिका वडा नं ११ र १४ का स्वास्थ्य चौकीलाई पिपिई ५ सेट, केएन ९५ मास्क ८पिस, सर्जिकल मास्क १ सय पिस, पल्स अक्सिमेटर २ पिस, फेस सिल्ड १० सेट, ह्याण्डवास १ लि, सेनिटाइजर ५ लिटर, पल्स अक्सिमेटर २पिस लगायतका स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरियो ।

सिरहा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत बलिराम यादव, सिरहा उद्योग वाणिज्य संघका प्रमोद पौद्दार, स्वास्थ्य संस्थाहरूका प्रमुख वा प्रतिनिधि, वडाध्यक्षहरू, नागरिक अगुवा लगायतका सरोकारवालाहरूको उपस्थितिमा स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरिएको थियो ।

# बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बरियारपट्टी, सिरहा
## प्रदेश नं. २, नेपाल

# शिलबन्दी बोलपत्र आह्वानको सूचना

## (प्रकाशित मिति : २०७८/०४/२४ गते)

यस बरियारपट्टी गाउँपालिकाको कार्यालय व्यवस्थापनको लागि आ.व. २०७८/०७९ मा तपसिल बमोजिमका कार्यको लागि सिलबन्दी बोलपत्र द्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक कम्पनी/अधिकृत बिक्रेता बाट निम्न शर्तहरुको अधिनमा रही रीत पुर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु.(मु.अ.क. सहित) | बोलपत्र फारम दस्तुर | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | BRM/01/2078/079 | AC जडान कार्य | ९४१२७५/- | १०००/- | २५०००/- | |
| २ | BRM/02/2078/079 | जेनेरेटर खरिद कार्य | ९०००४५/- | १०००/- | २५०००/- | |

१.बोलपत्र फारम मिति २०७८/०५/०७ गते भित्र चालु आ.ब. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ.कर दर्ता तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु संग्लन राखि लिखित निवेदन साथ उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरि इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट कार्यालय समय सम्म बोलपत्र काग्जात खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र मिति : २०७८/०५/०८ गतेको १२:०० बजे भित्र बोलपत्र दर्तागरी सक्नुपर्ने छ । सो समयावधि भन्दा ढिलो गरि बोपत्र स्वीकार गरिने छैन । यसरी बुझाएको बोलपत्र सोहि दिनको २:०० बजे खोलिने छ ।

३. बोलपत्रदाताले खरिद गरिएको बोलपत्र कागजात सहित प्रभु बैंक बरियारपट्टी शाखा, मा रहेको तपसिलको खाता नं. मा नेपाल बैंकबाट "क" वर्गको इजात प्राप्त बैकबाट बोलपत्र फारम दस्तुर र कम्तीमा बोलपत्र प्रकाशित मितिले १२० दिन अवधि भएको विडबन्ड वा जमानत रकम जम्मा गरिएको भौचर पेश गर्नुपर्ने छ :
बोलपत्र फारम दस्तुरको हकमा : खाता नं. १४७०११६०८२६००१६६
जमानत रकमको हकमा : खाता नं. १४७०११६०८२६०००४६
कार्यालय कोड नं. ८०२१६५०५३००

४. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेखित गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र जमानतको मान्य अबधि भने साविककै मिति देखि गणना गरिनेछ ।

५. कुनै वा सवै बोलपत्र पुरै वा आशिंक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सवाधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. शिलबन्दी नगरि प्राप्त भएको वा प्रचलित कानुन बमोजिम रित नपुगेको बोलपत्र स्वीकार गरिने छैन ।

७. रितपुर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित कानुन बमोजिम तोकिएका बोलपत्रदाताको प्रतिनिधिको रोहबरमा खोलिने छ । तोकिएको दिन बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिती नभए पनी शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. थप जानकारीका लागि यस कार्यालयमा वा इन्जिनियर श्री चन्दन यादव, मो. नं. ९८४२८६९८९१ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१०. बोलपत्र स्वीकृत भई समझौता भए पछि सम्झौतामा उल्लेखित समय भित्र गर्न/गराउनु पर्ने छ । स्वीकृत फर्म वा सप्लायर्सले तोकिएको म्याद भित्र कार्य सम्मपन्न नगरेमा धरौटी जफत गरि कार्यालय अर्को व्यवस्था मिलाइनेछ ।

११. बोलपत्र दाताले नेपाल सरकारको कानुन बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ । यस कार्यालयबाट कर छुटको लागि कुनै सिफरिस गर्ने छैन ।

नि. प्रमुख पशासकीय अधिकृत

# जनहितमा जारी सूचना

- जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद,बसाई-सराई जस्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौ/गराऔं ।
- विकास निर्माणको काम उपभोक्ता समिति मार्फत जनसहभागीतामा समयमै सम्पन्न गरेर फर्छौट गरौं अर्थात विकास निर्माण काममा बिलम्ब नगरौं ।
- कृषि पशुपालनमा युवा सहभागीता बढाएर स्वरोजगार सृजना गरौं ।
- छोरा छोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोट-बिरुवा रोपौं, हरियाली बढाऔं ।
- सीप सिकौं स्वावलम्बी बनौं ।
- भुकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सुरक्षित जीवन यापन गरौं ।
- हिंसा मुक्त परिवार हामी सबैको सरोकार ।
- पिउने पानी उमालेर वा फिल्टर गरेर मात्र पिउने गरौं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि सोचौं ।
- आफ्नो घर आंगन सफा राखौं ।

४ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
५ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
११ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
२२ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१७ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१६ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१९ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१८ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, सल्लाहकार सम्पादक : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)